नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..................................................शाखा)

प.सं. : ०७२/७३
च.नं. : ३६६

सिंहदरवार, काठमाण्डौं

मितिः २०७३।०३।०५

**प्रेस विज्ञप्ती**

१. आज मिति २०७३ साल असार ५ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अग्नि प्रसाद खरेलज्यूले संविधानको कार्यान्वयनको सिलसिलामा निर्माण गर्नु पर्ने कानूनको विषयमा प्रमुख विपक्षी दल नेपाली कांग्रेस, सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेताहरुसँग मन्त्रालयमा छलफल गर्नु भयो । नेपालको संविधानको कार्यान्वयनको लागि गर्नु पर्ने निर्वाचनमध्ये प्रदेश सभा सदस्य तथा संघीय संसद् सदस्यको निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न संविधानको धारा २८६ को उपधारा (५) बमोजिम निर्माण गर्नु पर्ने कानूनको विषयमा केन्द्रीत भएको उक्त छलफलमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता तथा निवर्तमान सभामुख माननीय श्री सुभास चन्द्र नेम्वाङ, नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री माननीय डा. मिनेन्द्र रिजाल, माननीय राधेश्याम अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता माननीय श्री कृष्णबहादुर महरा तथा माननीय श्री रामनारायण विडारी, पूर्व सचिव तथा विज्ञहरु श्री तिर्थमान शाक्य, श्री हरिप्रसाद न्यौपाने र श्री माधव पौडेल तथा मन्त्रालयका उच्च पदस्थ अधिकारीको सहभागिता रहेको थियो ।

उक्त छलफलमा नेपालको संविधानको धारा ८४ को उपधारा (१), धारा १७६ को उपधारा (२) र धारा २८६ को उपधारा (५) को सन्दर्भमा निर्वाचन क्षेत्र निर्धारण आयोग सम्बन्धी कानूनमा समावेश हुनु पर्ने विषयमा छलफल भएको थियो । छलफलको अन्तमा माननीय मन्त्रीज्यूले छलफलमा उठेका विषयलाई ध्यानमा राखी निर्वाचन क्षेत्र निर्धारण आयोग सम्बन्धी विधेयक मस्यौदा यथाशिघ्र तर्जुमा गरी कानून निर्माणको प्रक्रिया अघि बढाउन निर्देशन दिनु भएको थियो ।

२. साथै, माननीय मन्त्रीज्यूले आजै बसेको व्यवस्थापिका-संसद्को बैठकमा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको संविधान कार्यान्वयनको कार्ययोजना पेश गर्नु भएको छ । उक्त कार्ययोजनाको पूर्ण पाठ यस मन्त्रालयको वेभसाईट **www.moljpa.gov.np** मा राखिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ ।

(डिल्लीराज घिमिरे)
सहसचिव एवं प्रवक्ता






